**गाउँसभाको बैठकमा**

**अध्यक्ष श्री कुमारी बराल गौतमद्वारा प्रस्तुत**

आर्थिकवर्ष २०७७/०७८ को

# सिस्ने गाउँपालिकाको नीति तथा कार्यक्रम

सिस्ने गाउँपालिका
रुकुमकोट,रुकुम(पूर्व) ।

१० असार २०७७

**यहाँ उपस्थित सिस्ने गाउँपालिका उपाध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी तथा उपस्थितसम्पूर्ण महानुभावहरु,**

नेपालको संविधान बमोजिम स्थानीय तहको सरकारको तर्फबाट यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७७।०७८ को सिस्ने गाउँ कार्यपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित र गौरवान्वित महसुस गरेको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र निर्माणका लागि नेपाली जनताले पटक–पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, माओवादी जनयुद्धको गौरवपूर्ण इतिहासलाईस्मरण गर्दै गणतन्त्रको स्थापनार्थ आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै, घाइते, अपाङ्गहरुको त्याग र बलिदानलाई उच्च सम्मान प्रकट गर्दछु ।

१ नेपाली जनताको सात दशक लामो संघर्षपछि संविधानसभाबाट नेपालको संविधान जारी भएसँगै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक हक र मानव अधिकार, नागरिक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन् । राष्ट्रिय एकता, समता र समन्यायका साथ समाजवाद उन्मुख आर्थिक समृद्धि कायम गर्न अधिकार, साधन, स्रोत, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण गरी सार्वभौमसत्तासम्पन्न जनतालाई वास्तवमै अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ।

२ सिस्ने गाउँपालिका साविकका सिस्ने, प्वाङ, पोखरा गाविस पुरै र रुकुमकोट गाविसको वडा नं. ४ बाहेकका ८ वटा वडा तथा स्यालापाखा गाविसका वडा नं. ३ र ४ बाहेकका ७ वटा वडा समावेश भएर सिस्ने गाउँपालिका ३२७.१२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ भने १६४९७

जनसंख्या रहेको छ । स्थानिय तहकोनिर्बाचनबाट यस गाउँपालिकाकोगाउँसभा र कार्यपालिका गठन पश्चात २ आर्थिक वर्षको बजेट तथा कार्यक्रम सभाबाट स्वीकृत भई कार्यान्वयन समेत भईसकेको छ । संघीयता र स्थानीय सरकारका माध्ययमबाट लोकतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाईगाउँगाउँमा सिंहदरबारको अवधारणालाई मूर्तरुप दिने चुनौति र अवसर हाम्रो काँधमा आएको छ।

३ गुरु योजनामा उल्लेख गरिएको मापदण्ड अनुसार कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार युवा तथा खेलकुद विकास कार्यलाई अगाडी बढाईनेछ ।

४ आगामी बर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधान, चालू आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, नेपाल सरकारका विभिन्न मन्त्रालयको बजेट सिलिङ तथा मार्गदर्शन, स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन(परिमार्जित), २०७४, स्थानिय सरकार सञ्चालन ऐन २०७४, प्रदेश सरकारका नीति तथा कार्यक्रम एवं प्राप्त मार्गदर्शन तथा निर्देशनहरु, विषयगत समितिबाट प्राप्त सुझावहरु, वस्ती तथा वडा भेलाका माग तथा सुझावहरु, बजेट बक्तव्यको अधिनमा रहेर तर्जुमा गरिनेछ ।

५ यथार्थपरक आवश्यकता र प्राथमिकतामा आधारित विकास योजनामा लगानी गरी नतिजामुखी र उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्ने नीति अख्तियार गरिनेछ । छरिएका टुक्रे विकासलाई निरुत्साहन र बृहत क्षेत्र समेट्ने समग्र योजनालाई प्रोत्साहन गरिनेछ ।

६ गाउँपालिका भित्र सञ्चालन हुने हरेक गतिविधिलाई एकद्वार प्रणाली बमोजिम सञ्चालन र नियमन गरिनेछ । कुनै पनि सरकारी, गैरसरकारी संघ संस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र आयोजना कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृती लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । ति निकायबाट बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा

कार्यक्रममा आवद्ध हुनेगरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ र कार्यक्रममा हुने दोहोरोपना नियमन गरिनेछ ।

७ गाउँपालिकाको समग्र विकासका लागि सरोकारवालाहरुसँग सुमधुर सम्बन्ध स्थापना गर्न आपसी समझदारी तथा समन्वयमा जोड दिइनेछ । दैनिकीमा अनियमितता ल्याउने साना अवरोधलाई थोरै लगानिबाट हटाउन सकिने खालको भएमा On The Spot Treatment नीति अवलम्वन गरिनेछ ।

८ सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण निर्माण कार्यको भौतिक निरिक्षण मार्फत विकास कार्यलाई पारदर्शी र उत्तरदायी बनाईनेछ । योजना छनौट तथा कार्यान्वयन प्रक्रियालाई सहभागितामूलक बनाउन सबै पक्षका सल्लाह, सुझाव र बिचारलाई समेटिनेछ ।

९ लक्षित वर्गका कार्यक्रमलाई वास्तविक लक्षित वर्ग प्रत्यक्ष लाभान्वित हुने गरी उत्पादनमूलक बनाईनेछ । गाउँपालिका भित्रका परमपरागत स्थानिय उत्पादनलाई आधुनिकीकरण गर्दै रोजगारी सृजनामार्फत आय वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

१० स्थानिय तहको सरकारले कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक समितिको रुपमा न्यायिक अधिकार सूची भित्रका विषय कार्यान्वयनको दिशातिर उन्मुख हुदै समृद्ध र समुन्नत सिस्ने गाउँपालिका निर्माणका लागि यथाशीघ्र विस्तृत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ । समृद्ध सिस्ने गाउँपालिका निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाईनेछ । राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ । **"हामिले तिरेको कर हाम्रै विकासका लागि"**भन्ने नाराका साथ सबै पेशा व्यवसायलाई करको दायरामा समेटिनेछ । राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरि लक्ष्य अनुसार वा सो भन्दा बढी राजश्व सङ्कलन गर्न सफल वडालाई प्रोत्साहन स्वरुप बजेट बाँडफाँट गर्दा बढी बजेट उपलब्ध गराईनेछ । बजेट विनियोजन गर्दा वडागत आवश्यकता र प्राथमिकताका साथै जनसंख्या, भूगोल, पूर्वाधार, संकलित राजश्व लगायत वस्तुगत तथ्य र

तथ्याङ्कका आधारमा संविधानले निर्दिष्ट गरेका लक्ष्य हाँसिल गर्ने गरी तय गरिनेछ । बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ । सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धि, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ ।

११ दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र वस्ती स्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, ग्रामिण सडक, उर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित योजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ ।

१२ गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता रजवाफदेहिता बढाईनेछ । जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक व्यवस्था गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कार साथै तालिमको व्यवस्था गरिनेछ ।

१३ विना धितो कृषकहरुलाई व्यवसायिक ऋणको व्यवस्था तथा कृषि सामाग्रिहरुमा लाग्ने कर छुट सम्बन्धि व्यवस्था गर्ने ।कृषि उपजलाइ सहज बजारको कृषि उपजको न्युनतम समर्थन मूल्य तोकी सहकारी वजार विकासको कार्यक्रम संचालन गरिने छ ।

१४ गाउँपालिकामा उत्पादित महलाई ब्राण्डिङ गरि बिक्रि वितरणका लागि सहकारी संगको साझेदारीमा ल्यावको संचालन गरिनेछ ।

१५ फलफुल भण्डारणको लागी कोल्ड स्टोर निर्माण गरिनेछ ।

१६ कृषि उपजलाइ सहज बजारको कृषि उपजको न्युनतम समर्थन मूल्य तोकी सहकारी वजार विकासको कार्यक्रम संचालन गरिने छ ।

१७ प्राङ्गारिक खेति विकास एवं विस्तारको लागि प्राङ्गारिक मल उत्पादन तथा व्यवस्थापन गर्न कृषकलाइ गोठ सुधार कार्यक्रमलाइ प्रभावकारी रुपले संचालन गरिनेछ ।

१८ कृषि बिमा निशुल्क रुपमा संचालन गरिनेछ ।

१९  लोपोन्मुख स्थानीय पशुपन्छीहरुको संरक्षण केन्द्र स्थापना गरिने छ।

२०  पशु आहाराको लागि डाले तथा भुईघाँस नर्सरी स्थापना गरिने छ ।

२१  कृषि व्यवसाय प्रवर्द्धनमार्फत गरिबी र बरोजगारी हटाउन सिस्ने गाउँपालिकाका विभिन्न **पकेट क्षेत्र,** विकासका पकेट क्षेत्र विशेष कार्यक्रम ल्याईनेछ । मल विउ तथा ढुवानीमा कार्यक्रम कार्यक्रमलाई सहज र व्यवस्थित बनाईनेछ । कृषकहरुलाई सीपयुक्त बनाई कृषि पेशाको आधुनिकीकरण र व्यवसायिकरण गर्ने क्षमता विकास तालिमको व्यवस्थाका साथै कृषि यान्त्रिकिकरणका लागि अनुदानको व्यवस्था गरिनेछ ।

२२  किसानहरुले स्थानिय विशेषतामा आधारित उत्पादन गर्नेछन र वजार व्यवस्थापनका लागि सहकारीको माध्यम अपनाइनेछ । अर्थात **"उत्पादन गर्ने काम किसानको विक्री गर्ने काम सहकारीको"** भन्ने मान्यतालाई स्थापित गरिनेछ ।

२३  महको उत्पादन वृद्धि गर्न आ. व. ०७७/०७८ लाई मौरी प्रवर्दन वर्षको रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

२४ माग र आवश्यकताको आधारमा आकस्मिक बाली उपचार शिविर सञ्चालन गरिनेछ । वेमौसमी तरकारी खेतीएवंच्याउखेतीको लागि प्लास्टिक घर तथा सामग्री लगायत उपकरणहरु उपलब्ध गराईनेछ । अनुदान प्राप्त कृषि व्यवसायीहरुलाई निरन्तर व्यवसाय सञ्चालनका लागि नियमित हौसला र मार्गदर्शनका माध्यमबाट प्रभावकारिता हाँसिल गर्न जोड दिइनेछ ।

२५  गाउँपालिका भित्रका सम्पूर्ण किसानहरुको पहिचान तथा वर्गिकरण गरी किसान परिचय पत्र प्रदान गरिनेछ । साथै किसान सहयोग तथा अनुदान कार्यक्रमलाई निरन्तर सञ्चालनमा ल्याइनेछ ।

२६ स्थानिय खाद्यवस्तुको उत्पादन, प्रयोग र बजारीकरणमा विशेष जोड दिइनेछ । साथै गुणस्तरीय खाद्यवस्तुको प्रयोग र प्रवर्द्धनको लागि बजार अनुगमन तथा नियमनमा कडाइ

गरिनेछ । पालिका सदरमुकाम भित्र सञ्चालन हुने अर्गानिक होटल तथा रेष्टुरेन्टलाई विशेष अनुदान दिइनेछ ।

२७ गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाको खोजिनीति र पहिचान गर्नुका साथै अतिक्रमित जग्गा स्थानिय सरकारको मातहतमा ल्याउने व्यवस्था गरिनेछ ।

२८ गाउँपालिका भरका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री, पूर्वाधारयुक्त, गुणस्तरीय र सुशासनयुक्त बनाउनुका साथै शैक्षिणिक तालिका, परिक्षा प्रणाली, प्रतिवेदन र लेखाङ्कनलाई एकरुपता बनाईनेछ । शैक्षिक क्षेत्रमा देखापरेका कमिकमजोरी हटाई क्रमशः सुधार गर्दै लैजान सरोकारवाला पक्षहरुसँगको समन्वयमा अनुगमन तथा नियमन कार्यमा जोड दिइनेछ ।

२९ शिक्षण पेशामा अब्बल प्रतिभाहरुलाई प्रवेश गराउन विश्वविद्यालयबाट उत्कृष्ट अङ्क हासिल गरेका प्रतिभालाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने ।

३०

३१ राष्ट्रिय पाठयक्रमले स्थानिय तहबाट निर्माण हुनेगरि छुट्याइएको कार्यक्रमलाई स्थानिय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं समसामयिक तुल्याउन सिस्ने गाउँपालिका स्तरको स्थानिय पाठयक्रम निर्माण गर्दा भैगेलिक अवश्था एतिहासिक पृष्ठभूमि जनसªख्या सस्कृति पेसा व्यवसाय सामाजिक मूल्य र मान्यता र पर्यटनलाई प्राथमिकता दिने व्यवस्था मिलाईनेछ ।यस पुस्तकके नाम हाम्रा सिस्ने रहने छ । शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकलाई विद्यालय स्तरमा समग्र शिक्षण सिकाइ व्यवस्थापनको नेतृत्वदायी भूमिकाको लागि जिम्मेवार गराउन र विषयगत रुपमा शिक्षकहरुको सेवाका लागि तालिम सञ्चालन गरिनेछ ।

३२ विद्यार्थी भर्ना कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न घरदैलो कार्यक्रम अभियानका रुपमा सञ्चालनमा जोड दिइनेछ । **विद्यालयमा विद्यार्थी उपस्थितिलाई अभिवृद्ध गर्न १० वटा विद्यलय छनौट गरी विद्यालय परिक्षणको रुपमा दिवाखाजा**को व्यवस्था

मिलाईकानमा।यसलाइ बढाएर कायर्क्म पप्भावकारी देखिएकेले यस वर्ष सबै ३८ वटा विधालयमा लागु गरिने छ । क्षेत्रका थप विद्यालयहरुमा यस कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।

३३ कक्षा छाड्ने समस्या समाधान गर र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभुत तहका बालबालिकालाई दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रमको सफलतालाई मूल्याङ्कन गरी प्रभावकारीताको आधारमा आगामी वर्षहरुमा गाउँपालिका

३४ गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान शिक्षक नियुक्ति,शिक्षक सरुवा तथा विद्यालय कर्मचारी नियुक्ति प्रक्रियालाई व्यवस्थित, नियमसंगत र पारदर्शी बनाउन जोड दिइनेछ । **शिक्षा क्षेत्रमा नवीनतम प्रविधि र अनुकरणीय कार्यको अवलम्वन गर्ने उद्देश्यले शैक्षिक भ्रमण तथा अन्तरविद्यालय भेटघाट**लाई जोड दिइनेछ । शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयहरुमा प्रतिस्पर्धी भावना जागरित गर्दै उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्न प्रधानाध्यापक, बिषयगत शिक्षक र विद्यार्थीलाई दण्ड र पुरस्कारको व्यवस्था मिलाइनेछ । विद्यालयहरुको अनुगमन प्रतिबेदनका आधारमा विद्यालय सार्ने,मर्जगर्ने, बन्द गर्ने र अनुमती प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्दै लगिने छ।

३५ **हरेक विद्यालयमा बालशिक्षा कक्षा सञ्चालन**का लागि न्युनतम विद्यार्थी संख्याको उपस्थिति समेतका आधारमा बाल शिक्षा कक्षा व्यवस्थापन तथा सञ्चालन गरिनेछ।

३६ गाउँपालिका भित्र कम्तिमा ३ विद्यालयमा फरक-फरक क्षेत्र तथा विषयगत प्राविधिक शिक्षा सञ्चालन नीति अन्तर्गत त्रिभुवन जनता मा. वि. छिप्रिदहमा इलेक्ट्रिकल इन्जिनियरिङ शिक्षा, रुक्मिणी मा. वि. रुकुमकोटमा कृषि शिक्षालाई जोड दिनुका साथै जनता मा. वि. पोखरामा सिभिल इन्जिनियरिङ कोर्ष सञ्चालनका लागि आवश्यक पहल तथा व्यवस्थापन गरिने छ। आवश्यकताको आधारमा स्वंयमसेवक शिक्षक भर्ना गर्ने व्यवस्था मिलाइने छ।

३७ शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकलाई विद्यालय स्तरमा समग्र शिक्षण सिकाई व्यवस्थापनको नेतृत्वदायी भूमिकाको लागि जिम्मेवार गराउन र विषयगत रुपमा शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गरिने।

३८ बालबालिकाहरुको गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न र विपन्न परिवार तथा गरिबीले आक्रान्त, द्वन्द्वपिडित, अभिभावक गुमाएका र असहाय छात्रछात्रालाई शिक्षामा प्रोत्साहित गर्न पोशाक तथा शैक्षिक सामाग्री वितरणको माध्यमबाट बालबालिकाको सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

३९ विशेष कक्षा सञ्चालन भएका विद्यालयहरुमा सुस्तश्रवण, दृष्टिविहिन, न्यून दृष्टि र बहिरा छात्रछात्राहरुको लागि आवासको व्यवस्था गरिनेछ ।

४० स्वास्थ्य सम्बन्धी सन्देश एंव सूचना सुलभ रुपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यरुपमा परिणत गर्न स्वास्थ्य शिक्षा सूचना र सञ्चार कार्यक्रमलाई उच्च प्राथमिकता दिई जनस्वास्थ्य प्रवर्द्धन गरिने छ। रुकुमकोटमा स्थापना भएको जिल्ला अस्पताललाई तत्काल सञ्चालन गर्न पहल गरी थप व्यवस्थापन गरिने छ।

४१ शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाई सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री,प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्था मिलाइने छ।

४२ शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयहरुमा प्रतिस्पर्धा भावना जागरित गर्दै उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्न प्रधानाध्यापक विषयगत शिक्षक र विद्यार्थीलाई दण्ड र पुरष्कारको व्यवस्था मिलाइने।

४३ विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकुल परिमार्जन गर्नुका साथै आधारभुत तहको कक्षा १ देखि ३ सम्मको एकिकृत पाठ्यक्रम कार्यान्वयन गर्दै जाने । पाठ्य सामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने

४४ गुणस्तरीय एवं स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रवर्द्धन र प्रयोग मार्फत कुपोषणलाई न्यूनीकरण गर्न पहल गरिनेछ। सक्षम एंव जवाफदेही, अनुगमन तथा नियमन संयन्त्र एंव प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न पहल गरिनेछ।

४५ शिक्षा- दिवा खाजा कार्यक्रम १० विद्यालय बाट ३८ विद्यालयमा विस्तार गरिनेछ ।

४६ विषयगत प्रविधिक शिक्षा सञ्चालन गरेका विद्यालय मा वि रुकुमकोट, मा वि पोखरा, मा वि छिप्रदह आवश्कताको आधारमा स्वयंसेवक भर्ना गर्ने लगायत व्यवस्थापनका कार्यहरु गरिनेछ ।

४७ विशेष कक्षा संचालन भएका सुस्त श्रवण दृष्टिविहिन न्युन दृष्टि र वहिरा छात्रछात्राको लागि आवासको व्यवस्था व्यवस्थित गरि कायर्न्वन गरिने छ ।

४८ किशोर किशोरिमैत्री स्वास्थ्य सेवा तथा विद्यालय स्तरमा सूचना केन्द्र स्थापना गरीने छ ।

४९ स्वास्थ्यसंग सम्बन्धित बहुपक्षीय सरोकारवाला निकायहरुको सहकार्यलाई थप सुदृढ गर्दै राज्यको प्रत्येक नीतिमा स्वास्थ्यलाई मूल प्रवाहिकरण गर्न पहल गरिनेछ। **महिला स्वास्थ्य स्वंय सेविकालाई प्रोत्साहन भत्ता**को व्यवस्थापन गरिनेछ।

५० सुनौलो १००० (हजार) दिनका महिला तथा वालवालिका र किशोर किशोरीहरुको स्वास्थ्य प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ ।

५१ **१ (एक) घण्टा भन्दा बढी दुरी भएका वस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाईको व्यवस्थापन र सञ्चालनमा निरन्तरता दिइनेछ** । जसका लागि भौतिक व्यवस्थापन तथा जनशक्ति व्यवस्थापन थप गरिनेछ ।

५२ महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि सिप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गरी स्थानिय व्यवसायी महिलाद्वारा उत्पादित व्यवसायिक उत्पादनलाई राष्ट्रिय स्तरको बजारमा पहिचान गराई विगतमा सञ्चालित ग्रामिण व्यवसायको निरन्तरता दिइनेछ।

५३ लैङ्गीक हिंसा तथा विभेदहरु सुन्यमा झारिनेछ ।

५४ जिल्ला अस्पताल रुकुम पूर्व सञ्चालनमा आएता पनि भवन नभएकोले नयाँ जिल्ला अस्पताल भवन निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।  भने गाउ पालिकाबाट डिजिटल एक्सरे र सुतकेरी अपरेशन कक्ष निर्माण गरिने छ ।

५५ मानव बेचविखन, लैङ्गिक हिंसा, बालविवाह, असमान र अमानवीय भेदभाव नियन्त्रण र व्यवस्थापनका लागि सामुदायिक संयन्त्रहरुलाई सशक्त रुपमा परिचालन गरिनेछ। जोखिममा परेका वर्गको राहत तथा उद्धारका लागि हिंसापिडित उद्दार कोष स्थापना गरिनेछ। सबै किसिमका बालश्रम, बालबिवाह, बालबालिका माथि हुने सबै किसिमका हिंसा, शोषण र दूर्व्यवहार अन्त्य गरी बालमैत्री गाउँपालिका निर्माणमा जोड दिइनेछ। **हिंसा पिडित महिलाहरुका लागि निर्माणाधीन महिला सेफ हाउस आ.व. २०७६/०७७मा संचालनमा ल्याइनेछ**।

५६ सतप्रतिशत गर्भवति जाँच तथा स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरिने छ ।

५७ जेष्ठ नागरिक र सुत्केरी महिलालाई चेक जाँच गरे वापतको रकमलाई निरन्तरता दिइने छ ।

५८ महिला स्वास्थ्य स्वयं सेविकालाई सूचना आदान प्रदान गर्ने Mobile को व्यवस्थापन गरीने छ ।

५९ हिसा पिडित महिलाहरुको लागि एक द्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरी संचालन गरिनेछ ।

६०

६१ छोरिको जन्म भएमा शिक्षा र स्वास्थ्यका लागि विमाको व्यवस्था गरिनेछ ।

६२ गाउँ घर क्लिनिक/  र खोप क्लिनिकको लागि भवन बनाउन पहल गरीने छ ।

६३ अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचयपत्र प्रदान गरी मध्यम अपाङ्गता भएका व्यक्तिहरुमा सिप तथा व्यवसायिकतामा जोड दिदै आत्मानिर्भर र सम्मानित जिवनयापनमा टेवा पुर्याइनेछ। पूर्ण अशक्त तथा उचित संरक्षकत्व नपाएका अपांगहरुलाई पूर्नस्थापनाको व्यवस्था गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरु माथि हुने सबै किसिमका दूर्व्यवहार अन्त्य गर्न कार्यक्रम ल्याइनेछ।

६४  ६०वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई परिचयपत्र वितरण गरि जेष्ठ नागरिकहरुलाई कानुन प्रदत्त सेवाको सहज पहुँच पुऱ्याउन सरोकारवालाहरु संग समन्वय र सहकार्य गरिनेछ। जेष्ठ नागरिकको दिनभरीको समयलाई सहज बनाउन गाउँपालिका र सामुदायिक संयन्त्रको सहकार्यमा दिवा सेवा केन्द्रहरु संचालन गरिनेछ । जेष्ठ नागरिकहरुलाई सम्मानजनक व्यवहार गर्ने युवा वर्गलाई जिम्मेवार बनाउन सचेतना मूलक कार्यक्रम ल्याइनेछ।

६५  सबै वडाका जनतामा सहज पिउने पानी पुऱ्याउन नयाँ खानेपानी आयोजना निर्माण र पुराना योजनाको मर्मत सम्भार गरी नियमित गराउनुका साथै स्वच्छ पिउने पानीका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ। स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहोरमैला तथा ढल ब्यवस्थापनमा विशेष ध्यान दिइनेछ। मुहान संरक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ। फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गिकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ।

६६  सदरमुकाममा तत्काल डम्पिङ साइडको व्यवस्थापन गर्ने कार्य ढिलो हुने भएकोले अहिले निस्कने फोहोर धौलापैरामा लगिने व्यवस्था गरिनेछ।

६७ लक्षित वर्ग तथा समुदायमा रहेका परम्परागत कुटिर उद्योगहरुलाइ प्रवर्द्धन गरिनेछ। औद्योगिक क्षेत्रमा बाह्य लगानी बढाउन आवश्यक नीतिगत कानुनी प्रशासनीक तथा आर्थिक सुधारको लागी प्रयास गरिनेछ।

६८  सडक नपुगेका ठाउँहरुमा नयाँ ट्रयाक खोल्ने र ट्रयाक खोलिएका सडकहरुमा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरी अन्तर वडा र अन्तर गाउँ सम्म सडक सञ्चालनको सुनिश्चित गरिनेछ।

६९  विकास निर्माणका शिलसिलामा हुने जथाभावी डोजर र स्काभेटरको प्रयोग र उपभोक्ता समितिबाट अनियमियतता कमिकमजोरीलाई निरुत्साहित गर्ने नीति लिईनेछ । जसका लागि मानवीय जनशक्ति र स्थानिय स्रोत साधनबाट निर्माण सम्पन्न नहुने योजनाहरुमा ठेक्का प्रक्रियाबाट निर्माण गरिनेछ ।

७० रुकुमकोट भित्र रिङरोड रेडियल रोडहरुलाई क्रमशः नक्शांकन गरी सडकको मागदण्ड अनुसार अगाडी बढाइनेछ। सडक पुल र झोलुङ्गे पुलहरुको मुख्य संजालको प्राथमिकता क्रममा रहेका सडक आयोजनाहरुको निर्माणलाई प्राथमिकता दिइनेछ।

७१ सडकको दुवै तर्फ हरीयाली कायम गर्न अनिवार्य रुपमा वृक्षारोपन गरिनेछ ।

७२ गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरुको प्रविधिक लागत अनुमान र मूल्याङ्कन अंग्रेजी र नेपाली दुवै भाषामा हुने व्यवस्थागरिनेछ ।

७३ सडक सञ्जालको पहुँच नपुगेको सिस्ने गाउँपालिकाको वडा नं. १ र २ मा सडक निर्माणको लागि विशेष जोड गरिनेछ ।

७४ शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानिय परिवेशका आधारमा कडाइका साथ कार्यान्वयन गरिनेछ। सामाजिक सांस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामिण वस्तीलाई व्यवस्थित बसोबासयुक्त र गतिशिल सहरमा रुपान्तरण गरिनेछ। उत्त याजना लाइ व्यवस्थित गर्न छिप्रिदह ढल निकास कार्यलाइ  निरन्तरता दिइने छ ।

७५ पर्यटन क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक पर्यटन, युद्व पर्यटन प्रवर्द्धनका लागिपर्यटकिय सम्पदाहरुको अध्ययन, अभिलेख संकलन, भाषा कला संस्कृतिको पहिचान, संरक्षण, विकास,सम्वर्द्धन र प्रचार प्रसारका लागि आवश्यक पूर्वाधार विकासमा  जोड दिइनेछ । साथै गुरुयोजनामा उल्लेख भएका क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ। पर्यटकीय क्षेत्रहरु कमलदह, देउरालीगुफा, झुम्कामारे, सहिदपार्क, गुप्तादह, सिस्ने हिमाल, छिपखोला जनकम्युन, तातोपानी र मठ मन्दिरहरुलाई विशेष प्राथमिकता दिइनेछ।

७६ हिमाली भेगमा पाइने अमूल्य जडिवुटीहरु जस्तै पाँच औले, जटामसि, खिरौलो, चिराईतो, पदमचाल, यार्सागुम्वा लगायतका जडीबुटीको संरक्षण तथा व्यवस्थापन गरिने छ ।

७७ वातावरण र जलवायु मैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा जलबायु अनुकुलन मार्फत पर्या पर्यटनको प्रवर्द्धनको लागी जोड दिइनेछ। बनक्षेत्रको बैज्ञानिक एवं दिगो व्यव्थापन गरी बनजन्य उत्पादन अभिबृद्धि गरिनेछ। सामुदायिक बन विकास कार्यक्रम निजि वन विकास कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरिनेछ।

७८ युवा शक्तिलाई उद्यमशिलता, स्वरोजगार र आयआर्जनमा केन्द्रित गर्न तत्काल छोटो अवधिको तालिम दिइनेछ। युवा तथा खेलकुद क्षेत्रको विकासलाई प्राथमिकतामा राखिनेछ। साथै गाउँपालिका स्तरीय खेलकुद तथा कला संस्कृति संरक्षण सम्वर्द्धन गर्न पालिका स्तरीय प्रतियोगिता आयोजनागरिनेछ।

७९ सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पेशागत, अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै लगिनेछ। जनताको नजिकको सरकारको अनुभुति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी वनाइ भ्रष्टाचार मुक्त र सुशासन युक्त बनाइनेछ। वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धी कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ।

८० गाउँपालिको वडा नं. १ मा विद्युतको पहुँच नभएको हुँदा नविकरणीय तथा वैकल्पिक उर्जाको सुविधाका लागि आवश्यक पहल गरिने छ ।

८१ नेपाल सरकार प्रदेश सरकार तथा स्थानिय सरकारको लगानीमा सम्पन्न हुने २ लाख भन्दा वढी लागतका आयोजनाहरु आयोजना स्थलमा अनिवार्य रुपमा होडिङ राख्ने तथासम्पन्न भएका आयोजनाहरुको नियमित सुरक्षा, संरक्षण र मर्मतसम्भारको व्यवस्था गरिनेछ।

८२ लोककल्याण कारी राज्यको अवधारणा बमोजिम गाउँपालिकाका विभिन्न विपत प्रभावित असहाय विपन्न संरक्षण विहिन महिला वालबालिका जेष्ठ नागरिक अति असक्त अपांगहरुको संरक्षण तथा सहायताको व्यवस्था गरिनेछ।

८३ अति विपन्न, लोपोन्मुख र भूमिहिन सुकुम्बासी समुदायको वसोवासका लागी भूमी व्यवस्थापन गरी आवासको व्यवस्था गरिनेछ ।

८४ जनयुद्ध तथा जनआन्दोलनका शहिद तथा वेपत्ता परिवारजनका घाइते अपाङ्ग व्यक्तिहरुको परिचय खुल्ने आवश्यक प्रमाणको आधारमा पञ्जिकरण तथा अन्य सवै प्रकारका सिफारिस शुल्क शतप्रतिशत छुट हुने व्यवस्था गरिनेछ । साथै जनजीविकामा सहयोग पुग्ने गरी प्याकेज कार्यक्रम ल्याइनेछ । योग्यता पुगेका व्यक्तिहरुलाई रोजगारीको क्षेत्रमा विशेष प्राथमिकता दिइनेछ ।

८५ रुकुमकोट- छिपखोला- किदा- लैपा- गुप्तदह- जाङ्गेथला- निगालपाटा- सिस्ने हिमाल वेश क्याम्प पदमार्ग निर्माणगरिनेछ ।

८६ हाल सम्म सडक संजालले नछोएको सिस्नेको वडा नं १ लाई सडक संजाल संग जोड्नका लागि सडक निर्माण (नयाँ ट्र्याक ) आवश्यक वजेटको व्यवस्था गर्ने ।

८७ सिस्ने हिमाल वेश क्याम्प- कैलाश ताल- खानि द्वारी- साङरे चौरी खर्क- सुनदह- पुपाल पदमार्ग निर्माण गरिनेछ ।

८८ जनताको सूचनाको हकको प्रत्याभूति दिलाउन तथा सूचना तथा तथ्याङ्क व्यवस्थापनको लागि सूचना अभिलेख केन्द्रको स्थापना गरिनेछ । गाउँपालिकाको सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

८९ डीजिटाइजेसन मार्फत शासकीय व्यवस्थामा सुधार सूचना सञ्चारको पहुँच नपुगेका स्थानहरुमा संचार सेवा पुऱ्याउन विशेष निरन्तरता गरिनेछ ।

९० सूचना सञ्चारको पहुँच नपुगेका स्थानहरुमा संचार सेवा पुऱ्याउन विशेष पहल गरिनेछ ।

९१ गरिनेछ ।

९२ गाउँपालिका बाट प्रदान गरिने सेवा र सुविधामा प्रविधियुक्त (डिजिटाईजेसन) बनाई प्रभावकारी कार्यान्वयनका लागि बजारमा उपलब्ध नयाँ प्रविधिहरुको प्रयोग गर्ने गरी आवश्यक व्यस्था गर्ने ।

९३ स्थानिय तहबाट सञ्चालित रेडियो पूर्वीरुकुम एफ.एम. लाई सञ्चालन र व्यवस्थापनमा निरन्तरता दिइनेछ ।

९४ गाउँपालिका र वडा कार्यालयहरुको भवन निर्माणका लागि न्यूनतम जग्गा प्राप्त भइ विस्तृत परियोजना प्रतिवेदन समेत तयार भएकोमा भवन निर्माण प्रक्रिया अगाडी बढाउन आवश्यक पहल गरिनेछ । बाँकी वडा कार्यालयका लागि जग्गा छनोट गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

९५ भवन निर्माण मापदण्ड कडाईका साथ पालना गर्ने गराउनुका साथै सुचना अभिलेखका लागि वजेट व्यवस्थापन गरीने छ ।

९६ सार्वजनिक संरचना निर्माण गर्दा जलवायु अनुकुलन तथा विपद जोखिम न्युनिकरण दिगोपना कायम हुने गरी निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।

९७ रुकुमकोट लोरी लेक सम्म केवुलकार निर्माण र संचालनका लागि आवश्यक वजेट व्यवस्थाका लागि पहल गर्ने ।

९८ वडा नं ७ स्थित कौचेको भिरमा रहेको पहिरो नियन्त्रण तथा रोकथामको समस्या विकराल तथा जटिल रहेको र उक्त कार्यका लागि संघीय तथा प्रदेश सरकारसंग आवश्यक वजेट व्यवस्थापनका लागि पहल गर्ने ।

९९ प्रर्यटन प्रवर्धनका लागि गाउँपालिका भित्रका सबै पर्यटकीय क्षेत्रहरुमा आवश्यक पुर्वाधारको निर्माण तथा सुचना अभिलेखका लागि वजेट व्यवस्था गर्ने ।

१०० युवाहरुका लागि खेलक्षेत्रमा आवश्यक संरचना निर्माणका लागि सबै क्षेत्रहरुमा कम्तिमा १ वटा खेलकुदग्रामको निर्माण तथा संचालन गरीने छ ।

१०१ स्वच्छ र प्रयाप्त खानेपानीको सुविधा नपुगेका शहरउन्मुख तथा दुरदराजका बस्तिमा खानेपानीको सुविधा पुर्‍याउन आवश्यक वजेटको व्यवस्था गरीने छ ।

१०२ एक घर १२ (बाह्र) फलफूजन्य बिरुवा अनिवार्य रुपमा रोप्ने हुर्काउने र प्रत्येक घरधुरीले करेसाबारीको व्यवस्था गर्नेछन । तर मुख्य शहरी क्षेत्रमा १८० वर्ग मिटर जग्गा हुनेले २ वटा

फलफूलका बिरुवा अनिवार्य रुपमा रोप्ने वातावरण सृजना गरिनेछ । साथै सरकारी कार्यालय र विद्यालयहरुमा ५० वटा फलफूलका बिरुवा अनिवार्य रुपमा रोप्ने वातावरण सृजना गरिनेछ ।

१०३

१०४ गाउँ प्रहरी व्यवस्थापन कार्यलाई विशेष जोड दिई कार्यान्वयन प्रक्रिया अगाडी बढाईनेछ ।

१०५ सिस्ने गाउँपालिकामा बसोबास गर्ने जनतालाई स्वच्छ खानेपानीको व्यवस्थापन गरिनेछ । एकघर एक धाराको नीति क्रमशः लागु गरिनेछ ।

१०६ सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ । क्रमशः पुर्ण सरसफाईयुक्त वडा तथा पुर्ण सरसफाईयुक्त गाउँपालिका घोषणाको प्रक्रिया अगाडी बढाइनेछ ।

१०७ आकस्मिक रुपमा विपदबाट हुने क्षतिलाई न्यूनिकरण गर्न निर्माणपूर्व विपत न्यूनिकरण हुने प्रकृतिका डिजाईन स्टिमेट र निर्माण भैरहेको अवस्थामा समेत गुणस्तरीय कार्य गर्ने Building Code अनिवार्य लागु गर्ने नीति लिइनेछ ।

१०८ आकस्मिक विपद तथा प्राकृतिक प्रकोपमा परेका व्यक्ति, समुदाय तथा संघ संस्थाहरुलाई तत्काल राहतको अनुभूति हुने गरी राहत सहयोग उपलब्ध गराउने नीति अनुरुप सवै वडाहरुमा विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।

१०९ उर्जा क्षेत्रको विकास, विस्तार र सम्वर्द्धन गर्ने उद्देश्यले वडा नं ८ को जामाखोला र २ को तुवाङ खोला लघु जलविद्युत आयोजनाहरु मर्मत सम्भार गरि सुचारु गरिएको छ भने आ. व. ०७६/०७७ मा वडा नं. १ को सिस्नेमा ६५ कि. वा. को लघु जलविद्युत आयोजना सम्पन्न गरी अँध्यारो मुक्त गरिनेछ ।

११० साना तथा लघु उद्योग स्थापना गरी रोजगार सृजना गर्न औधोगिक ग्रामको विस्तृत सर्भे गरिनेछ र तालिम प्राप्त जनशक्तिलाई व्यवसायिकता तर्फ आकर्षण गर्न प्याकेजमा कार्यक्रम सञ्चालन गरिनेछ ।

अन्त्यमा, नेपालको संविधानले परिकल्पना गरे बमोजिम सबल स्थानीय सरकारको रुपमा विकास गर्न २ आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सघाउँदै हौसला र साथ दिएर स्थानिय सरकारको हैसियतले सिस्ने गाउँपालिकाको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउने सुअवसर प्रदान गर्ने नेपाल सरकार, प्रदेश सरकार, सवै राजनैतिक दल, राष्ट्रसेवक कर्मचारिहरु, सुरक्षाकर्मीहरु, निजी क्षेत्र, नागरिक समाज, आमसञ्चार जगत तथा सम्पूर्ण गाउँपालिका बासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !

कुमारी बराल गौतम

अध्यक्ष सिस्नेगाउँपालिका